# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## प्रदेश नं. ५

## करार पदपूर्ती सम्बन्धी जरुरी सूचना।।।

**सूचना प्रकाशन मिति २०७७/०६/१०**

उपर्युक्त सम्बन्धमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको को प.सं. २०७७/०७८ च.नं. १२६ मिति २०७७/५/२३ को परिपत्र तथा कोहलपुर नगर कार्यपालिकाको मिति २०७७/०६/०८ को निर्णयानुसार यस कोहलपुर नगरपालिकामा ५ (पाँच) शैयाको कोभिड अस्पतालका लागि तपशिल बमोजिम प्राविधिक कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रित पूर्वकको आवेदन भरी पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| वि.नं. | पद | तह | सेवा | संख्या | अवधि |
|---|---|---|---|---|---|
| २/०७७-०७८ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | १ (एक) जना | करार |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः- मेडिकल अधिकृतका लागि लोकसेवा आयोगले निर्धारण गरेको न्यूनतम योग्यता भएको हुनुपर्ने छ।

२. सेवा अवधीः- स्थानीयतहमा कोभिड अस्पताल सञ्चालन सम्बन्धमा नेपाल सरकारबाट परिपत्र भै आए बमोजिम हुनेछ।

३. उमेरः- कम्तिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. दरखास्त दिने स्थानः- कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य तथा सामाजिक विकास शाखा (नगर स्वास्थ्य), कोहलपुर, बाँके ।

५. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र १५ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा।

६. आवेदन दस्तुरः- रु १०००।(एक हजार) मात्र

७. छनौटको किसिमः- कोहलपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ बमोजिम हुनेछ।

८. आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छः (क) नागरिकता प्रमाणपत्र, (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) काम गरेको संस्थावाट अनुभव खुल्ने प्रमाणित कागजात र (ङ) ३ प्रति पासपोर्ट आकारको फोटो, (च) काउन्सिल दर्ता प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ। नेपाल बाहेकका मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता अनिवार्य हुनेछ।

९. सेवा सुविधाः- नेपाल सरकारले स्थानीय तहको आठौं तहका कर्मचारीका लागि तोकि दिएको तलब र नियमानुसार पाउने भत्ता उपलब्ध हुनेछ।

१०. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- कोभिड अस्पतालका सञ्चालनका लागि कोहलपुर नगर कार्यपालिकको कायर्यालयले अस्पताल नेतृत्वले गर्नुपर्ने भनि तोकि दिएका सम्पूर्ण कार्यहरु गर्नुपर्नेछ।

११. सम्पर्क मितिः- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०.०० बजे देखि साँझ ५.०० बजे सम्म।

.......................

छविलाल नेपाली

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner